# नेपाल सरकारका विभिन्न निकायहरुमा कार्यरत नेपाल प्रशासन सेवा, लेखा समुहका कर्मचारीहरुको सरुवा तथा काजसम्वन्धी मापदण्ड, २०७४

महालेखा नियन्त्रक कार्यालय

अनामनगर, काठमाण्डौ

२०७४

# विभिन्न निकायमा कार्यरत नेपाल प्रशासन सेवा लेखा समुहका कर्मचारीहरुको सरुवा तथा काजसम्वन्धी मापदण्ड - २०७४

निजामती सेवा ऐन, २०४९ को दफा १८ र निजामती सेवा नियमावली, २०५० को नियम ३६ मा व्यवस्था भएकोमा सोही बमोजिम हुने र ऐन तथा नियममा व्यवस्था नभएको अवस्थामा लेखा समूहमा कार्यरत कर्मचारीहरुलाई सरुवा गर्दा कार्यालयको कार्य प्रकृति , कार्यबोझ एवं विभिन्न भौगोलिक क्षेत्र , कार्यसञ्चालन, आन्तरिक लेखा परिक्षण , केन्द्रीयस्तरको लेखासम्बन्धी अनुभव समेत दिलाउने उदेश्यले सामान्यतयाः निम्नानुसारका मापदण्ड अपनाई केन्द्रीय निकाय र अन्तरगत जिल्ला स्थित कार्यालयहरुमा काज तथा सरुवा गरिनेछ ।

## क. सरुवा सम्वन्धमाः

निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (३) मा तोकिए बमोजिमको कार्य अवधि समाप्त भएका कर्मचारीहरुलाई कार्यालयको कार्यबोझ, कार्य प्रकृति एवं कर्मचारी दरवन्दी समेतका आधारमा कार्यालयहरुलाई संलग्न अनुसुचीमा उल्लेख भए अनुसार देहाय बमोजिम विभाजन गरी निम्नानुसार सरुवा पदस्थापन गरिनेछ ।

अ. **अनुसुची १ बमोजिमका कार्यालयहरुः** विकास निर्माणसंग सम्बन्धित, उच्च कार्यवोझ, श्रोत साधन र सुविधायुक्त साथै सरुवाको लागि अत्याधीक चाप भएका कार्यालयहरु ।

आ. **अनुसुची २ बमोजिमका कार्यालयहरुः** विकास निर्माण संग सम्वन्धित, मध्यम कार्यवोझ, श्रोत साधन र सुविधायुक्त साथै सरुवाको लागि चाप भएका कार्यालयहरु ।

ई. **अनुसुची ३ बमोजिमका कार्यालयहरुः** साधारण प्रकृतिको कार्यसंचालनका कार्यालयहरु ।

१ विभिन्न भौगोलिक क्षेत्र र विभिन्न प्रकृतिका कार्यालयको काममा अनुभव समेत दिलाउन निजामती सेवा ऐन नियम बमोजिम सरुवाको लागि अवधि पुरा भएका कर्मचारीलाई देहाय बमोजिम सरुवा गरिने छः

अ. अनुसुची १ का कार्यालयबाट अनुसुची ३ का कार्यालयहरुमा ।

आ. अनुसूचि २ का कार्यालयबाट अनुसूची ३ का कार्यालयमा र नभएमा अनुसूची २ वा अनुसुची १( निजामति सेवा नियमावली २०५० को अनुसुची १६ को क बर्ग का जिल्लाहरु) का कार्यालयहरुमा ।

ई. अनुसुची ३ का कार्यालयहरुबाट संभव भए सम्म अनुसुची १ का कार्यालयहरुमा र नभएमा अनुसुची २ का कार्यालयहरुमा ।

२ बुदा नं. १ बमोजिम सरुवा गर्दा निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा ७ मा व्यवस्था भए बमोजिम मिति २०६४।०४।२३ पछि नियुक्ती भएका राजपत्र अनंकित कर्मचारीहरुलाई ऐनको दफा १८(७) बमोजिम लोकसेवा आयोगबाट सिफारिस भएको विकास क्षेत्र तथा अञ्चलभित्र कार्यालयहरुमा बाहेक पाँच बर्ष सम्म अन्यत्र सरुवा गरिने छैन ।

३ कोष तथा लेखा नियन्त्रक कार्यालयहरुमा सम्भव भए सम्म कम्प्युटरमा ज्ञान भएका कर्मचारीहरुलाई सरुवा गरिने छ ।

४ सामान्यतया कोष तथा लेखा नियन्त्रक कार्यालयबाट एकै पटकमा आधा भन्दा बढि कर्मचारीको सरुवा गरिने छैन । यसरी सरुवा गर्दा First Come First Out को आधारमा गरिने छ ।

५ अनुसुची १ र २ का कार्यालयमा निजामती सेवा ऐन नियम बमोजिम न्युनतम सेवा अवधि पुरा गरेका तर हाल सम्म महालेखा नियन्त्रक कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयमा कार्यानुभव प्राप्त नगरेका कर्मचारीहरुलाई महालेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयहरुमा सरुवा गर्न प्राथमिकता दिइने छ ।

६ अनुसुची १ का कार्यालयहरुमा हालको पदमा एक पटक निजामती सेवा ऐन र नियमावली अनुसारको सेवा अवधि पुरा गरिसकेका कर्मचारीहरुलाई तीन सरुवा अवधि व्यतित नभएसम्म सोही प्रकृतिको कार्यालयमा पुन सरुवा गरिने छैन । सडक आयोजना तथा कार्यालयहरुमा सोही पदमा सरुवा दोहोऱ्याईने छैन ।

७ दुर्गम स्थानमा श्रृजना भएका विकास तर्फका दरबन्दीमा पदस्थापना सरुवा गर्दा दुर्गम स्थानमै साधारण प्रकृतिका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई प्राथमिकता दिईने छ ।

८ अनुसुची १ का कार्यालयहरुमा न्युनतम सेवा अवधि पुरा गरिसकेका कर्मचारीहरुलाई सरुवा गर्ने, साथै अन्य कार्यालयहरुको हकमा एउटै पदमा चार बर्ष भन्दा वढी अवधि नराखिने नीति अवलम्वन गरिनेछ ।

९ कामको सिलसिलामा कारबाहीमा परेका वा कारवाही भैरहेका वा कारवाहीको लागि लेखी आएका कर्मचारीहरुलाई कम्तिमा १ एक सरुवा अवधिको लागि रिक्त दरवन्दीको आधारमा महालेखा नियन्त्रक कार्यालय तथा केन्द्रीयस्तरका कार्यालहरुमा सरुवा गरिनेछ ।

१० जिल्ला स्थित लेखा समुहका कर्मचारीको काज तथा सरुवा सम्वन्धि समस्या उपर कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुखको सिफारिसलाई समेत आधार मानिनेछ ।

११ महालेखा नियन्त्रक कार्यालय, कुमारीचोक तथा केन्द्रीय तहशिल कार्यालय, निवृत्तभरण व्यवस्थापन कार्यालय, दुर्गमका कोष तथा लेखा नियन्त्रक कार्यालय र दुर्गमका अनुसूची १ र २ बाहेकका कार्यालयमा कार्यरत कर्मचारीहरुलाइ कार्यक्षमता समेतको आधारमा अनुसूची १ बमोजिमका कार्यालयमा सरुवा गर्न प्राथमिकता दिइने छ ।

१२ महालेखा नियन्त्रक कार्यालय वा अन्य कार्यालयमा पूल दरवन्दी रही अन्य कुनै कारणले लामो समय आयोजना/ कार्यालयमा काजमा रही काम गरेका कर्मचारीहरुको हकमा काजमा कार्यरत रहेको मिति देखिनै PIS Update गरी सरुवाको आधार लिईनेछ ।

१३ अनुसूची १ र २ अन्तरगतका कार्यालयमा लेखा प्रमुखको दरवन्दी रिक्त भएको अवस्थामा १ महिना भित्रमा पदपुर्ती गरिने व्यवस्था गरिनेछ ।

१४ अनुसूची १ र २ मा उल्लिखित कार्यालयहरु सबै पदका लागि समान कार्यवोझ, श्रोत साधन र सुविधायुक्त नहुन सक्ने हुँदा लेखा प्रमुख वाहेक अन्य कर्मचारिहरुको सरुवा गर्दा कार्यालयले कार्यालयको प्रकृति हेरी आवश्यक निर्णय गर्नेछ ।

१५ नयाँ सृजना हुने दरवन्दीः नयाँ आयोजना तथा कार्यालयहरुमा नयाँ दरबन्दी सृर्जना भएको अबस्थामा म.ले.नि.का.ले यस्ता दरबन्दीलाई उपयुक्त अनुसुचीमा तत्कालै समावेश गर्ने छ ।

१६ कर्मचारी सरुवा गर्दा वा काज खटाउँदा स्थानीय तहको लागि पहिलो प्राथमिकता दिई खटाईनेछ।

१७ सेवा प्रवाह गर्ने निकाय तथा दुर्गम स्थानका कार्यालयहरुमा सकेसम्म पद रिक्त नहुने गरी सरुवा गरिनेछ ।

१८ एउटै कार्यालयमा निरन्तर लामो अवधि बसेका कर्मचारीहरु मध्ये सबै भन्दा बढी अवधि भएकालाई पहिलो प्राथमिकता दिई सरुवा गरिनेछ । यसो गर्दा संस्थागत संस्मरण र कार्यालयको आवश्यकता समेतलाई ध्यान दिईनेछ ।

१९ कुनै कार्यालयमा तोकीएको जिम्मेवारी पूरा नगर्ने, सार्वजनिक रुपमा बारम्वार गुनासो आइरहने र कार्यालयको काममा समस्या सिर्जना गर्ने कर्मचारीलाई अन्यत्र सरुवा गर्न सकिनेछ ।

२० विभागिय कारवाहिको प्रक्रियामा रहेको कर्मचारीलाई सो कारवाही वा कारवाहीको प्रक्रियाबाट उन्मुक्ति पाउने किसिमले अन्यत्र निकायमा सरुवा गरिनेछैन । तर निजलाई सोही कार्यालयमा राखिराख्न उपयुक्त नभएमा सरुवा गर्न सकिनेछ ।

२१ राष्ट्रिय गौरव एवं उच्च प्राथमिकताका निकाय/आयोजनाहरुमा कर्मचारी अभाव हुन नदिने गरी सरुवा र व्यवस्थापन गरिनेछ ।

२२ नयाँ सृजना हुने दरवन्दीः नयाँ आयोजना तथा कार्यालयहरुमा नयाँ दरबन्दी सृर्जना भएको अबस्थामा म.ले.नि.का.ले यस्ता दरबन्दीलाई उपयुक्त अनुसुचीमा तत्कालै समावेश गर्ने छ ।

२३ मापदण्ड पालना, गुनासो उजुरीः सरुवाको शिलशिलामा यस मापदण्ड पूर्ण पालनाका लागि सम्बन्धित सवै पक्ष जिम्मेवार हुनुपर्नेछ । यस सम्वन्धमा कुनै गुनासो भएमा यस कार्यालयका निर्णकर्ता समक्ष उजुरी गर्न सकिनेछ ।

२४ संशोधन र परिमार्जनः यो मापदण्ड महालेखा नियन्त्रक कार्यालयले सरोकारवाला पक्षहरुसंग आवश्यक छलफल गरी समयानुकुल परिमार्जन वा संशोधन गर्न सक्नेछ ।

**<u>ख. काज सम्वन्धमाः</u>**

निजामती सेवा ऐन तथा नियममा उल्लेखित प्रावधानको प्रतिकुल नहुने गरी देहायको अवस्थामा काज राख्ने व्यवस्था गर्नेः

१ कुनै कार्यालयमा लेखा सम्बन्धी दरबन्दी रिक्त भएमा सम्भव भएसम्म सम्बन्धित जिल्लाको कार्यबोझ कम भएका कार्यालयबाट कर्मचारी खटाई आर्थिक प्रशासन सम्बन्धी कार्य सञ्चालनको व्यवस्था गर्ने । सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित जिल्लाका कार्यबोझ कम भएका कार्यालयबाट कर्मचारी खटाई आर्थिक प्रशासन सम्बन्धी कार्य सञ्चालनको व्यवस्था गर्न सम्भव नभएको भनी कोष तथा लेखा नियन्त्रक कार्यालयले जानकारी दिएमा महालेखा नियन्त्रक कार्यालयलबाट काजमा कर्मचारी व्यवस्थापन गर्ने ।

२ कुनै विकास आयोजनामा श्रृजना भएको नयाँ दरवन्दी वा रिक्त भएको दरबन्दीमा लेखा समूहका कर्मचारीहरुको माग भएको अवस्थामा महालेखा नियन्त्रक कार्यालयबाट कर्मचारी खटाई आर्थिक प्रशासन सम्बन्धी काम काज गराउने ।

३ स्थायी दरबन्दीमा रहेको कर्मचारी तीन महिनाभन्दा बढी अवधिको लागि अध्ययन वा अन्य विदा लिई बसेको अवस्थामा उक्त दरबन्दीमा अन्य कर्मचारीलाई काज खटाउन सकिने

४ उपत्यका भित्रका कार्यालयहरुबाट उपत्यका बाहिरका कुनै वर्गका कार्यालयहरुमा सरुवा भएका कर्मचारीहरुलाई स्वास्थ्यको प्रतिकुल अवस्था, आशोच वारेको, परिवारका सदस्यहरुलाई कडा रोग लागि उपचाररत सम्बन्धित अस्पतालको सिफारिस भएको अवस्थामा वाहेक उपत्यका भित्रका कुनै पनि कार्यालयमा काजमा राखिने छैन ।

# अनुसुची १

| सि.न. | उपसचिव(लेखा)को हकमा |
|---|---|
| | **क समुह (तुलनात्मकरुपले उच्च कार्यबोझ, श्रोतसाधन र सुविधायुक्त साथै सरुवाको चाप भएका)** |
| १ | परराष्ट्र मन्त्रालय |
| २ | संसद सचिवालय |
| ३ | संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय |
| ४ | लोक सेवा आयोग केन्द्रिय कार्यालय |
| ५ | सडक विभाग |
| ६ | सडक आयोजना/योजनाहरु (मध्य पहाडी लोकमार्ग, काठमाण्डौं उपत्यका सडक विस्तार आदी ) |
| ७ | आयोजना व्यवस्थापन कार्यालय एडिवि |
| ८ | शहरी विकास तथा भवन निर्माण विभाग |
| ९ | खानेपानी आयोजनाहरु ( काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, मेलम्ची खानेपानी , दाश्रो साना शहरी आदी ) |
| १० | सिंचाई आयोजनाहरु (सिक्टा, रानिजमरा) |
| ११ | जल उत्पन्न प्रकोप नियन्त्रण विभाग |
| १२ | स्वास्थ्य सेवा विभाग । |
| १३ | राष्ट्रिय क्षयरोग केन्द्र |
| १४ | अधिकार सम्पन्न वागमती एकिकृत विकास समिति |
| १५ | निर्वाचन आयोग |
| १६ | स्थानिय पुर्वाधार तथा कृषि सडक विभाग |
| | **क१ समुह(तुलनात्मकरुपले "क" समुह भन्दा कम कार्यबोझ, श्रोतसाधन र सुविधायुक्त साथै सरुवाको चाप भएका)** |
| १ | गृह मन्त्रालय |
| २ | स्वास्थ्य मन्त्रालय |
| ३ | खानेपानी तथा ढल निकास विभाग । |
| ४ | सिचाइ विभाग । |
| ५ | सिंचाई आयोजनाहरु (बाग्मती, सुनसरी मोरङ आदी ) |
| ६ | पुनर्निर्माण सम्बन्धी आयोजनाहरु |
| ७ | सर्वोच्च अदालत |
| ८ | प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय |
| ९ | महानगरपालिकाहरु र उपमहानगरपालिकाहरु |

| सि.न. | लेखा अधिकृत/लेखापाल/सह-लेखापालहरुको हकमा |
|---|---|
| | **क समुह (तुलनात्मकरुपले उच्च कार्यबोझ, श्रोतसाधन र सुविधायुक्त साथै सरुवाको चाप भएका)** |
| १ | परराष्ट्र मन्त्रालय/ राहदानी विभाग |
| २ | संसद सचिवालय |
| ३ | सडक विभाग मातहतका डिभिजन सडक कार्यालयहरु |
| ४ | सडक आयोजना/ योजनाहरु (मध्य पहाडी लोकमार्ग, काठमाण्डौं उपत्यका सडक विस्तार,गल्छि त्रिशुली मैलुङ स्याप्रुवेसी रसुवागडी सडक आयोजना, अरुण तेश्रो प्रवेश मार्ग आयोजनाआदी ) |
| ५ | आयोजना व्यवस्थापन कार्यालय एडिवि |
| ६ | हुलाकी सडक आयोजनाहरु |
| ७ | सडक पुल आयोजनाहरु |
| ८ | खानेपानी आयोजनाहरु ( मेलम्ची खानेपानी , दाश्रो साना शहरी आदि) |
| ९ | सिंचाइ डिभिजन तथा सव डिभिजन कार्यालयहरु । |
| १० | जल उत्पन्न प्रकोप नियन्त्रण विभाग तथा मातहातका कार्यालयहरु |
| ११ | जनताको तटवन्ध कार्यक्रम तथा नदी नियन्त्रण आयोजनाहरु । |
| १२ | अधिकार सम्पन्न वागमती एकिकृत विकास समिति |
| १३ | स्थानय विकास मन्त्रालय अन्तरगतका आयोजनाहरु |
| १४ | स्वास्थ्य सेवा विभाग |
| १५ | राष्ट्रिय क्षयरोग केन्द्र, राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र, जनस्वास्थ्य प्रयोगशाला, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र |
| १६ | केन्द्रीय , क्षेत्रीय र अञ्चल अस्पतालहरु । |
| १७ | अनौपचारीक शिक्षा केन्द्र , पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र । |
| १८ | भुमिगत सिचाई परियोजना |
| १९ | यातायात व्यवस्था कार्यालयहरु (साना /ठुला सवारी बागमती , मोटरसाइकल वागमती , नारायणी विरगंज, गण्डकी पोखरा, लुम्बिनी,कोशी र भेरी) |
| २० | सिंचाई आयोजनाहरु (सिक्टा, रानिजमरा) |

| सि.न. | उपसचिव(लेखा)को हकमा |
|---|---|

| सि.न. | लेखा अधिकृत/लेखापाल/सह-लेखापालहरुको हकमा |
|---|---|
| क१ समुह(तुलनात्मकरुपले "क" समुह भन्दा कम कार्यबोझ, श्रोतसाधन र सुविधायुक्त साथै सरुवाको चाप भएका) | |
| १ | खानेपानी तथा सरसफाई क्षेत्रीय कार्यालय, डिभिजन तथा सव डिभिजन कार्यालयहरु । |
| २ | सिंचाई आयोजनाहरु (बाग्मती, सुनसरी मोरङ आदी ) |
| ३ | भन्सार कार्यालयहरु (त्रिभुवन विमानस्थल, विरगंज, रानी, मेची , बाँके , भैरहवा) । |
| ४ | राजश्व अनुसन्धान विभाग तथा इकाई कार्यालयहरु |
| ५ | ठुला करदाता कार्यालय |
| ६ | उपराष्ट्रपतिको कार्यालय |
| ७ | निर्वाचन आयोग(निर्वाचन हुने अवस्थामा) |
| ८ | जिल्ला विकास समितिको कार्यालयहरु । |
| ९ | दोश्रो एकिकृत सहरी विकास आयोजना |
| १० | गरिव घरपरिवार सहयोग समन्वय वोर्डको सचिवालय |
| ११ | जलवायू प्रकोप समुत्थान निर्माण आयोजना |
| १२ | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयहरु |
| १३ | वातावरण विभाग |
| १४ | उपमहानगरपालिका र काठमाडौं भित्रका नगरपालिकाहरु |
| १५ | राष्ट्रिय भू उपयोग आयोजना |
| १६ | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयहरु |

# अनुसुची २

| सि.न. | उपसचिव/लेखाको हकमा |
|---|---|
| १ | सुचना तथा संचार मन्त्रालय |
| २ | वातावरण मन्त्रालय |
| ३ | शिक्षा मन्त्रालय |
| ४ | कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौ, समन्वय कार्यालय, भुक्तानी केन्द्र लैनचैर । |
| ६ | कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुर , मोरङ,कास्की,रुपन्देही दाङ, बाँके,धनुषा, कैलाली, चितवन र सुर्खेत) |
| ७ | कृषि व्यवसायिक तथा बजार विकास कार्याक्रम । |
| ८ | परिक्षा नियन्त्रण कार्यालय । |
| ९ | शिक्षा विभाग |
| १० | सस्कृति पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय । |
| ११ | नापी विभाग । |
| १२ | व्यवसायिक कृषि विकास तथा व्यापार प्रवर्धन आयोजना । |
| १३ | राजश्व अनुसन्धान विभाग |
| १४ | स्थानिय विकास मन्त्रालय अन्तरगतका आयोजनाहरु |
| १५ | आन्तरिक राजस्व विभाग |
| १६ | अर्थ मन्त्रालय |
| १६ | विशेष भवन निर्माण तथा संभार डिभिजन कार्यालय । |

| सि.नं. | लेखा अधिकृत/लेखापाल/सह-लेखापालहरुको हकमा |
|---|---|
| १ | कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौ, समन्वय कार्यालय, भुक्तानी केन्द्र लैनचैर, ललितपुर । |
| २ | वातावरण मन्त्रालय |
| ३ | काठमाण्डौं उपत्यका भित्रका मालपोत कार्यालय । |
| ४ | यातायात व्यवस्था कार्यालयहरु (सगरमाथा , जनकपुर, धौलागीरी, राप्ती, मेची ,सेती र महाकाली ) |
| ५ | कृषि व्यवसायिक तथा बजार विकास कार्याक्रम । |
| ६ | भन्सार कार्यालयहरु (अनुसुची १ बाहेक ) , आन्तरिक राजस्व कार्यालय र उपत्यका भित्रका करदाता सेवा कार्यालयहरु |
| ७ | व्यावसायीक तथा सिप विकास तालिम केन्द्र । |
| ८ | परिक्षा नियन्त्रण कार्यालय । |
| ९ | शिक्षा विभाग। |
| १० | भुमि व्यवस्थापन प्रशिक्षण केन्द्र । |
| ११ | शिक्षा कार्यालयहरु ( पुल दरवन्दी ) |
| १२ | तराई जिल्लाका भुसंरक्षण कार्यालयहरु । |
| १३ | तराई जिल्लाका बन कार्यालयहरु |
| १४ | सहकारी प्रशिक्षण केन्द्र, काठमाण्डौ । |
| १५ | भु सुचना तथा अभिलेख विभाग । |
| १६ | सस्कृति पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय । |
| १७ | नापी विभाग । |
| १८ | भुमि व्यवस्थापन प्रशिक्षण केन्द्र । |
| १९ | घरेलु तथा साना उद्योग कार्यालय काठमाण्डौं |
| २० | राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु आरक्षहरु । |
| २१ | नगरपालिकाहरु (काठमाण्डौं उपत्यका र तराइका जिल्ला स्थित) |
| २२ | खानेपानी तथा ढल निकास विभाग |
| २३ | सिचाइ विभाग |
| २४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, |
| २५ | अध्यागमन कार्यालय एयरपोर्ट । |
| २६ | जिल्ला पशु सेवा कार्यालयहरु । |
| २७ | महिला तथा बालबालिका कार्यालय । |
| २८ | लोक सेवा आयोग र अन्तर्गतका कार्यालयहरु |
| २९ | कृषि विभाग अन्तर्गतका आयोजनाहरु |
| ३० | व्यवसायिक कृषि तथा व्यापार आयोजना(PACT) |
| ३१ | नयाँ सहर विकास आयोजना समन्वय कार्यालय |
| ३२ | पहाडी साना किसानका लागि अनुकुलन आयोजना समन्वय एकाइ |
| ३३ | शहरी शासकिय क्षमता तथा विकास कार्यक्रम |
| ३४ | विशेष भवन निर्माण तथा संभार डिभिजन कार्यालय । |
| ३५ | सडक विभाग । |
| ३५ | जिल्ला स्वास्थ्य कार्यालयहरु (निजामती सेवा नियमावली २०५० को अनुसुची १६ मा उल्लेखित क बर्गमा पर्ने जिल्लाहरु बाहेकका) । |
| ३५ | भुकम्प आपतकालिन सहायता आयोजना केन्द्रीय कार्यान्वयन एकाइ (CLPIU) र जिल्ला कार्यान्वयन एकाइ (DLPIU) |

**अनुसुची ३**

माथी अनुसुची १ र अनुसुची २ मा उल्लेख भएका कार्यालयहरु बाहेक अन्य कार्यालयहरु साधारण प्रकृतीका कार्यालयहरु मानिनेछ ।